# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. : ९६८६

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**


मितिः २०७९।९।५

## सडक पुर्वाधार कर सम्बन्धि सिलबन्दी दरभाउ पत्र आब्हानको सूचनाः

प्रस्तुत विषयमा यस ग्रामथान गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७९।९।४ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिका क्षेत्र भित्र बिराटचौक देखि घिनाघाट सम्मको मुख्य सडकबाट दायाँ बायाँ भित्रि सडक प्रयोग गरि ब्यापारिक दृष्टिले गुड्ने मालबाहक ट्याक्टर, टिपर, हाईवा गाडीमा गाउँकार्यपालिकाको कार्यालयले तोकेको दररेटमा सडक पुर्वाधार कर उठाउने कार्य ठेक्काबाट बन्दोबस्त गर्नु गराउनु पर्ने भएकोले आ. व. २०७९।०८० वर्ष १ का लागी मूल्य अभिबृद्धि कर बाहेक न्यूनतम मासिक २५ हजारका दरले वार्षिक ३ लाखमा नघट्ने गरि ईच्छुक ब्यक्ति वा फर्मले मूल्य अभिबृद्धी करमा दर्ता भई नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी, संस्था दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र समेत संलग्न राखि आफूले ठेक्का लिन चाहेको अङ्क खोली देहायको शर्तको अधिनमा रहि रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

__शर्तहरुः__

१. सडक पुर्वाधार सम्बन्धि दरभाउ पत्र फारम रु. १०००। ( पछि फिर्ता नहुने गरि ) तिरी ग्रामथान गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. आफुले कबोल गरेको कुल रकमले हुन आउने ५% रकम यस कार्यालयको एन. आई. सि. एसिया बैकको धरौटी खाता नं.-६९४१०००५८३६५२४०३ मा जम्मा गरि सो को सक्कल प्रति भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

३. दरभाउ पत्रदाताले न्यूनतम रकममा नघट्ने गरि कबोल रकम अङ्क र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ। तर अङ्क अक्षरमा फरक परेमा सार्वजनिक हितको सिद्घान्तलाई मानि निर्णय गर्नलाई बाधा पर्ने छैन।

४. स्वीकृत दरभाउ पत्रवालाले आफुले कबोल गरेको ठेक्का रकम संझौताको बखत अग्रिम रुपमा एकमुष्ट बुझाउनु पर्नेछ ।

५. दरभाउ पत्र मिति २०७९।९।१९ गते १५ औ दिन सम्म कार्यालय समय भित्र खरिद गरि यस कार्यालयमा १६ औ दिन मिति २०७९।९।२० गते १२ बजे सम्म दाखिला गरिसकेको हुनु पर्नेछ (सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट) र सोही दिन दिनको २ बजे उक्त दरभाउपत्र खोलिनेछ। साथै दरभाउ पत्र खोलिने दिन दरभाउ पत्र दाताको प्रतिनिधी अनुपस्थित रहेतापनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।

६. त्यस्तो दरभाउ पत्र दाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनु पर्नेछ साथै मु.अ.कर प्रमाणपत्र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ. व.२०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्र दाखिला गरिएको हुनु पर्नेछ।

७. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. गाउँपालिकाले तोकेको दररेटमा ठेकेदारले सडक पुर्वाधार कर उठाउनु पर्नेछ ।गाउँ कार्यपालिकाले तोकेको दररेट संलग्न पाना वमोजिमको हुनेछ ।

९. रित नपुगेको दरभाउ पत्रलाई प्रतिष्पर्धामा समाबेश गराईने छैन् ।

१०. ठेक्का सम्बन्धि अन्य शर्तको हकमा प्रचलित कानून र यस गा.पा. को निर्णय बमोजिम हुनेछ।

__बोधार्थः__

१. श्री ७ वटै वडा कार्यालयहरु (सूचना टाँस गरिदिनु हुन)। २. श्री सुचना प्रबिधि शाखा ( वेभसाईडमा अपलोड गरिदिनु हुन)


वेबसाइटः http://gramthanmun.gov.np/ इमेल : ito.gramthanmun@gmail.com सम्पर्क नं. [illegible]

# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office Of Rural Municipal Executive

पत्र संख्या : २०७९/०८०
**Ref.No :2079/080**
चलानी नं. :

तेतरिया,मोरङ्
**Tetariya,Morang**
प्रदेश नं. १, नेपाल
**Province no.1, Nepal**

ग्रामथान गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/९/४ गते बसेको बैठकको निर्णयानुसार सडक पुर्वाधार कर उठाउने प्रयोजनका लागी तोकिएको दररेट तपशिल वमोजिम रहेको छ ।

तपशिल

१. मालबाहक ट्याक्टरमा – रु. ५०।

२. मालबाहक टिपरमा – रु. १००।

३. मालबाहक हाईवामा – रु. १५०।

मनोज कुमार साह
प्रमुख प्रशासकीय अधि